कालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालय रेडक्रसग्राम चितवनद्वारा आयोजित

सार्वजनिक सुनुवाई (२०७९/०४/०१ देखी २०८०/०३/२७) कार्यक्रममा

कालिका नगर कार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण कार्यक्रमको

# प्रतिवेदन

कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका कार्यहरुको तेस्रो चौमासिक तथा बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम कालिका नगरपालिका वडा न. ३ को वडा कार्यालय अगाडि गर्ने गरि तय भए बमोजिम कार्यालयका शाखा प्रमुख, वडा अध्यक्षहरु संग समन्वय गरि २०८०/३/२८ गतेका दिन दिनको १ बजे आयोजना गरिएको थियो । उक्त कार्यक्रम संचालन गर्नु पूर्व नेपाल सरकारले जारी गरेको सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सबै कार्यहरु कार्यालयले गर्दा यथार्थपरक हुन नसक्ने होकी भनि चितवनलाई आफ्नो कार्यक्षेत्र बनाई पत्रकारिता गर्दै आउनु भएका पत्रकार द्वय श्री सन्तकुमार चौधरी र प्रमिता ढकाललाई मोडरेटरको जिम्मा दिईएको थियो ।

कार्यक्रमलाई बढी प्रभावकारी बनाउन र बढी भन्दा बढी सहभागिता गराउनका लागि कालिका नगरपालिकाको आधिकारिक वेब पेजमा सूचना जारी गरिएको, नगरकै फेस बुक लगायत सामाजिक संजाल मार्फत प्रचारप्रसार गरिएको, वडा वडामा सूचना टास गरिएको , सबै वडा हरुमा माईकिंग गरिएको थियो।

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सेवाग्राही र कालिका नगरपालिकाको विकास र पालिकाको गतिविधिमा चासो राख्ने हरेक व्यक्तिहरुको राय सुझाव संकलन गर्ने हेतु कार्यविधि अनुसार अनुसूची २ नागरिक प्रतिवेदन (Citizen Report Card सेवा प्राप्ति सन्तुष्टि /असन्तुष्टि जनाउने फारम ) र अनुसूची ३ सेवाग्राही बहिर्गमन फारम समेत पत्रकारहरुको संलग्नतामा संकलन गरि प्राप्त भएका विवरणहरुलाई एकिकृत गरि तयार गरिएको थियो ।

कालिका नगरपालिकाको तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/०३/२८ गते दिनको १.४५ बजे निर्धारित समयभन्दा करिव ४५ मिनेट पछाडी नगर प्रमुखको अध्यक्षतामा शुरु भई करिव ५ बजे सम्पन्न भएको थियो । उक्त कार्यक्रममा नगर उपप्रमुख श्री बिमला तामांग, प्रमुख प्रशासकीय अधिकृत श्री केशब प्रसाद उपाध्याय, वडाअध्यक्ष ज्यूहरु , कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्युहरु, टोल सुधार समितिका अध्यक्ष ज्यूहरु, उपभोक्ता समितिका पदाधिकारी ज्यूहरु, सहकारीका पदाधिकारी ज्युहरु, सर्वसाधारण र विभिन्न शाखाका प्रमुख ज्युहरु, वडा सचिव ज्युहरु गरि करिव २०० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रम पहिलो सत्र कालिका नगरपालिकाको सूचना अधिकृत श्री प्रकाश चन्द्र पौडेलले संचालन गर्नु भएको थियो भने स्वागत मन्तब्य नगर उप प्रमुख श्री बिमला तामांग ज्युले गर्नु भएको थियो । दोस्रो सत्र मोडरेटर श्री शन्त कुमार चौधरी र प्रमिता ढकालले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री केशवप्रसाद उपाध्यायले सार्वजनिक सुनुवाई कार्यक्रममा पेश गर्नु भएको प्रगति प्रतिवेदन

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०७९/०४/०१ देखी आज मिति २०८०/०३/२८ गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन सरोकारवालाहरूको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्य सम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध

गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरूको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

1. चालु आर्थिक वर्ष ०७९/८० को तेस्रो चौमासिक तथा वर्ष भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने ।
2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने ।
3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने ।
4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने ।

<u>सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू</u>

क) <u>अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु र सो को कार्यान्वयन अवस्थाः</u>

१. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरु कार्यान्वयन गरिने छ।
यस अघि २ वटा सार्वजनिक सुनुवाई सम्पन्न भई सकेको छ। दुवै सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई प्रशासनिक तवरबाट कार्यन्वयनमा ल्याईएको र कतिपय नीतिगत सुझाबहरु आगामी आ.व.को नीति तथा कार्यक्रममा समाबेश गरि सम्बोधन गर्ने प्रयास भएको व्यहोरा जानकारी अनुरोध गर्दछु।

२. संस्थागत रुपमा नै बिगत वर्ष देखि नै प्रत्येक चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दै आई रहेको व्यहोरा अवगत नै छ। यस वर्ष पनि कालिका २ महिला संजाल भवन र कालिका वडा न. ६ को वडा कार्यालय भवनमा सम्पन्न भएको दुवै सार्वजनिक सुनुवाईमा सेवाग्राहीको सन्तोषजनक उपस्थिति भएतापनि तुलनात्मक रुपमा सहभागीहरुको संख्यामा कमी महशुस भई यस पटकको सार्वजनिक सुनुवाईलाई बढी महत्व दिई वडास्तरबाट प्रचारप्रसार गरिएको, सामाजिक संजाल,कार्यालयको वेवसाईट,माईकिङ मार्फत स्मरण गराईएको व्यहोरा जानकारी गराउछु ।

३. नागरिक अभिमत बाट प्राप्त सुझाव कार्यन्वयन गरिने छ। पालिका र वडा कार्यालयहरुबाट सम्पादन भएका कार्यहरुको सेवाग्राहीहरुको राय सुझाव संकलन गर्ने हिसाबले पत्रकारिता गरिरहेका स्वतन्त्र व्यक्तिहरुबाट नागरिक अभिमत लिने कार्य गरिएको र त्यसको परिणाम क्रमश प्रस्तुत गरिएको।

४. संघ, प्रदेश र अन्य निकाय संग सहकार्य गरि विकास निर्माण कार्यलाई अघि बढाईने छ।
नेपालमा ३ तहको सरकार विद्यमान रहेको र अधिकार र क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्व लाई स्वीकार्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

५. बिधुत प्राधिकरण संग अधुरा तथा लाईन विस्तार कार्यलाई अगाडि बढाईने छ।
कालिका नगरपालिकाको पहाडि क्षेत्रमा मात्र विद्युत विस्तार गर्न बाँकी रहेको स्थानहरुमा बिधुत प्राधिकरण संग समन्वयमा कार्यहरु अगाडि बढाईएको छ। र दुर्गम क्षेत्रमा सोलार उर्जा मार्फत पनि विद्युतिकरण गर्ने प्रयास गरिएको छ।

ख. तेस्रो चौमासिक अवधिमा भए गरेका कार्यहरु

१. नगरपालिकाको प्रमुख कार्य दैनिकी सेवा प्रवाह हो। यसको लागि नगरपालिका र वडा कार्यालयहरूबाट नियमित पञ्जीकरण, सिफारिस, तथा अन्य सेवाहरू उपलब्ध भईरहेको छ ।

२. अधुरा तथा स्वीकृत योजना निर्माण कार्य समयमा सम्पन्न गराउने गरी कार्यक्रम गरिएको ।

३. कालिका नगरपालिकाको राजश्वको प्रमुख स्रोतको रूपमा नदिजन्य पदार्थ रहेको छ । यसलाई व्यवस्थित गर्ने क्रममा बेवारिसे डम्पिङ्ग जफत गर्ने र नगरले आफ्नै डिपो राखी बिक्री वितरण गर्ने प्रवन्ध गरिएको छ ।

४. बुङ्गखोलाको पानी लाई व्यवस्थित गरी थाङ्गखोलामा समावेश गराई बाढी नियन्त्रणमा व्यवस्थित गर्ने प्रयास गरिएको।

५. आगामी आ.व ०८०/८१ को लागि नगरसभा सम्न्न गरिएको।

६. मल वितरण प्रभावकारी बनाउन मल कार्ड लागु गरिएको । नियमित बैठक बसी उत्पादकसँग समन्वय गरी मल वितरण प्रणालीलाई व्यवस्थित गरी पारदर्शी बनाईएको, मिल सहज रुपमा आपूर्तीको व्यवस्था मिलाईएको।
७. जग्गा बर्गीकरणको मापदण्ड तयार गरिएको छ । कालिकाका प्रत्येक कित्तालाई नक्शाङ्कन नै गरी बर्गीकरण गर्नु पर्ने भएकोले सोको लागि परामर्शदाता छनौट भई नक्शाङ्कनको कार्य भईरहेको छ ।
८. चालु आ व को चौथो त्रैमासिक को सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा गरि वितरणको व्यवस्था मिलाईएको छ। साथै आगामी आ व को लागि सामाजिक सुरक्षा भत्ता लाभग्रहीहरुको परिचयपत्र नवीकरण भाद्र मसान्तसम्म गर्न भनी सूचना प्रकाशन गरिएको।
९. ११० जनालाई उद्यमशिलता सम्बन्धि तालिम दिई ९० जना नव उद्यमी सिर्जना गरी २५ जनालाई प्रविधि समेत हस्तान्तरण गरिएको छ।

शाखागत प्रगति प्रस्तुती:

**प्रशासन उप शाखा:**

दरवन्दी तथा पदपुर्ति अवस्था:

स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ

| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति |
|---|---|---|---|---|
| जम्मा | ५९ | ४३ | १४ | २ |

स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत

| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति |
|---|---|---|---|---|
| | ३५ | ४१ | ० | ६ काजसमेत |
| जम्मा | ९४ | ७४ | १४ | ८ काजसमेत |

करार सेवातर्फ

| | | |
|---|---|---|
| १ | नगरपालिका तथा वडातर्फ | ४७ |
| २ | स्वास्थ्यतर्फ | ४२ |
| ३ | ज्यालादारी | ११ |
| ४ | जम्मा | १०० |

जम्मा कर्मचारी सख्या: १७४

केही दरवन्दीमा अधिक पदपुर्ति तथा केही अत्यावश्यक पद रिक्त छन् । वडा नं ३ र ७, ८ र ९ तथा १० र ११ मा ३ जना सचिवबाट संचालित छन् । वडा नं १ मा प्राविधिक कर्मचारीबाट स्थानीय पञ्जिकाधिकारीको कार्य सम्पादन गर्नु परेको छ । प्रदेश लोक सेवा आयोगमा जम्मा १४ जना कर्मचारीहरु माग गरिएको । नयाँ O&M गरी व्यवस्थित गर्नु पर्ने ।

नगरसभा अधिवेशन: कालिका नगरपालिकाको दोस्रो कार्यकालको दोस्रो नगरसभा मिति २०७९/०९/२८ मा सम्पन्न तेस्रो नगर सभा मिति २०८०/०३/२७ मा सम्पन्न ।

कार्यपालिका बैठक: बैठक संख्या र निर्णय: १५ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु)

1) कालिका नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना स्वीकृत
2) ८० वर्ष माथिको उमेर भएकालाई घर घरमा गई स्वास्थ्य जाँच कार्यविधि स्वीकृत
3) पत्रकारहरुको सामुहिक दुर्घटना बीमा कार्यविधि स्वीकृत
4) नगर अस्पतालको निर्माण गर्ने
5) भौतिक संरचनाको मूल्याङ्कन वडाबाटै गर्ने
6) खर्च कटौती तथा बेरुजु फछ्यौंट
7) होम स्टे (घरबास) सञ्चालन कार्यविधि, २०७९
8) नगर प्रमुखसँग विपन्न स्वास्थ्य बीमा कार्यविधि २०८०

राजश्व उपशाखाः तेस्रो चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड १५ लाख ६१ हजार ८ सय ९९ मात्र।
वडाबाट भुमि तथा सम्पत्ति कर संकलन कार्य शुभारम्भ।

हालसम्म उठेको राजश्वः हाल सम्म कुल १४ वटा राजश्व शीर्षकमा ३ करोड २३ लाख ३९ हजार ६ सय ७२ रूपैयाँ उठेको छ।

राजश्व बढाउन नदिजन्य पदार्थको व्यवस्थापन गरेका छौ। अमानतबाट नगरले नै व्यवस्थापन गरी ग्राभेल विक्रि वितरण गरि योजनालाई समयमा नै कच्चा सामाग्री उपलब्ध गराईएको छ।

व्यवसाय,कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ। बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौं।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं।

महिला बालबालिका तथा सामाजकल्याण शाखाः

1. सामाजिक सुरक्षा भत्ता वितरणः

| वर्ग (वार्षिक) आ व ०७९/८० | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ६१० | २० | ३२ | ७४ | ११ | ४४ | ६१ | ८५२ |
| जम्मा | २७९० | ११० | ३४० | ६१० | ७४ | २३७ | १८७ | ४३४८ |

- ✔ लगत कट्टा १३५ जना
- ✔ जम्मा वितरित भत्ताः १७ करोड ३ लाख ४३ हजार ७०। (रु १७०३४३०७०।-)

2. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु चौमासिक | ३१ | ६० | १४ | ७ | ११२ | ग वर्गको सामाजिक सुरक्षा भत्ता८६जना विवरण सङ्कलन गरि चौमासिक अनुसार भत्ता वितरण गरिएको। |
| हालसम्म जम्मा | ७३ | २१८ | ९३ | २४ | ४०८ | |

3. अन्य सम्पादित कार्यहरुः

कालिका नगरपालिकाको स्वतन्त्र तेस्रो पक्षबाट लैससास परीक्षण हुँदा ७२ अङ्क प्राप्त भएको छ।

- ✔ जेष्ठ नागरिक ६० वर्ष माथि परिचयपत्र वितरणः आ व २०७९/०८० मा ९५जना जम्मा २१७७ जना।
- ✔ नेतृत्व विकास तथा हरितालिका तिज बिशेष कार्यक्रम प्रथम चौ सम्पन्न ४४०जना लाभान्वित
- ✔ बालबिबाह तथा बहुबिबाह बिरुद्ध को २ वटा सचेतना कार्यक्रम सम्पन्न भएको। (३१५ जना लाभान्वित)
- ✔ बालबालिका माथीहुने यौन हिंसा न्यूनीकरण लागुऔषध बिरुद्धको सचेतना कार्यक्रम। (७६ जना लाभान्वित)
- ✔ लै स सा स अभिमुखीकरण, परीक्षण (३४ जना लाभान्वित)
- ✔ अन्तराष्ट्रिय लैगिक हिँसा बिरुद्ध १६ दिने अभियान सम्पन्न (१६९ जना लाभान्वित)
- ✔ अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न तनाब व्यवस्थापन तथा सम्मान कार्यक्रम (१०० जना लाभान्वित)
- ✔ अपांगता भएका व्यक्तिहरु र सरोकारवाला बीच अन्तरक्रिया सम्पन्न (१३९जना)
- ✔ कालिकानगर पालिका वडा नं १-११सम्म बालअधिकार समिति गठन
- ✔ कालिका ५मा वडास्तरिय बालसञ्जाल गठन (६१जना लाभान्वित)
- ✔ महिला सिपमुलक पोते तथा क्रिष्टलका गरगहना बनाउने तालिम (२०जना)

- ✔ सि.वि.आर कार्यक्रम अन्तर्गत सहायता सामग्री वितरण (१३जना लाभान्वित)
- ✔ बहुक्षेत्रिय पोषण अन्तर्गत विद्यालय बाहिर रहेका किशोरीहरुलाई जिवनोपयोगी सिप तालिम ३दिने (३०जना लाभान्वित)
- ✔ आमा बाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरण ६जना लाभान्वित

घटना दर्ताः (२०७९ साल श्रावण १ गते देखि २०८० साल असार २४ सम्मको रिपोर्ट तयार गर्दा सम्म)

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| ६०३ | ५१४ | १११७ | १६० | १३८ | २९८ | ६६ | ४६९ | ३१८ | ९२६ | १३९ | ३३९ | २४०७ |

**न्यायिक समिति तर्फः**

न्यायिक समितिको बैठकः १७ वटा भएको नियमित बैठक बस्ने गरिएको नगर स्तरमा २१ वटा मुद्दा दर्ता भएकोमा १८ वटा मिलापत्र भएको। (जग्गा सम्बन्धि १६ वटा १ ज्याला मजदुरी) विवाह दर्ता सम्बन्धी १ र ३ वटा मिलापत्र छलफलको क्रममा रहेको।

वडास्तरमा मेलमिलाप भएको जम्मा ७३ वटा

नगर र वडा मेलमिलापमा भएको जम्मा संख्या ९१

जिल्ला अदालत चितवनमा पुनरावेदन गएको १ (घर जग्गा १ छलफलमा रहेको।

राजपत्र प्रकाशनः ९ वटा कानून राजपत्रमा प्रकाशन भएको।

कानूनी प्रतिरक्षाः सार्वजनिक जग्गा वितरण सम्बन्धी मुद्दामा कानूनी प्रतिरक्षा गरी नगरपालिकाको जित भएको। पूर्ण पाठ सहित

**योजना तथा अनुगमन उपशाखा**

**क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्थाः**

| सि.नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|
| १ | १ | १७ | १७ |
| २ | २ | २२ | २१ |
| ३ | ३ | ३० | ३० |
| ४ | ४ | ६ | ६ |
| ५ | ५ | २० | २० |
| ६ | ६ | ३३ | ३३ |

| | | | |
|---|---|---|---|
| ७ | ७ | २५ | २५ |
| ८ | ८ | २४ | २४ |
| ९ | ९ | ३४ | ३३ |
| १० | १० | ३० | २९ |
| ११ | ११ | १७ | १६ |
| | | २९३ | २८९ |

६२ वटा उ.स.ले २ करोड २० लाख ०१ हजारको कार्य सम्पन्न गरेका ।

<u>पुरानो अधुरो योजनाहरू कार्यान्वयनको अवस्था</u>

| सि. नं | योजनाको नाम | | कैफियत निर्माण ब्बवसायी |
|---|---|---|---|
| १ | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | म्याद थप पछि सुरु नभएको (बेश सम्म कार्य भएको) | अनेष्ट |
| २ | प्रशासकीय भवन | निर्माण भइ रहेको (fisnishing कार्य बाँकि) | रविना |
| ३ | विभिन्न कल्भर्ट | कार्य गर्न सुरु नभएको (१४ वटा कल्वार्ट मध्य ६ वटा निर्माण भएको ५ वटाको स्लब ढलान बाँकी र ३ वटाको सुरु नभएको) | सेक्टर |
| ४ | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | (कार्य सुरु नभएको) सब बेश सम्म कार्य भएको र थप कार्य सुरु नभएको र ठेकदार सम्पर्कमा नरहेको | अर्भान |
| ५ | वडा नं ८ को वडा कार्यालय भवन | कार्य सुरु नभएको (DPC सम्म कार्य भएको) | स्काइलाइन |
| ६ | भिम वहादुर थापाको घर देखि २ नं वडा कार्यालय अगाडी वाटो कालोपत्रे | कार्य सुरु नभएको (वेश सम्म कार्य भएको) | पाण्डे |
| ७ | तुलसी खनालको घर देखि भिम पनेरुको घरसम्म कालो पत्रे | कार्य सुरु नभएको (सब बेश सम्म कार्य भएको) | अर्भान |
| ८ | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्म कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) | अर्भान |
| ९ | गढ्वा चोक त्रिवेणि चोक नव | कार्य सुरु नभएको (३०० मि प्रि मिक्स गरेको बाँकि | प्रशंशा |

| | | | |
|---|---|---|---|
| | मिलिजुली चोक वाटो मर्मत | [illegible] मि बाँकी) | |
| १० | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | कार्य सुरु नभएको (बेश सम्म कार्य भएको) | पाण्डे |
| ११ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (दोस्रो पार्ट) | केहि भागमा कालोपत्रे कार्य बाँकि रही अरु भागमा कालोपत्रे सकिएको (अन्दाजी ९०% कार्य सकिएको) | पाण्डे |
| १२ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे | कार्य सुरु नभएको (अन्दाजी ९०% कार्य सकिएको) | हाइवे |
| १३ | वडा नं. १० को वडा कार्यालय भवन निर्माण | भइरहेको र finishing कार्य बाँकि रहेको (अन्दाजी ९०% कार्य सकिएको) | प्रसाद दुर्गा |
| १४ | भिम चापागाइको घर देखि उत्तर, पुष्प वहादुर तमाङको घर देखि त्रिनेत्र गुम्वा ओम शान्ती मार्ग कालोपत्रे | निर्माण कार्य भइरहेको (बेश सम्म सकिएको) (पिच गर्ने कार्य मात्र बाँकी रहेको) | आर एस |
| १५ | ढोकुन थार्वालिङ गुम्वा भवन निर्माण | निर्माण भइरहेको (अन्दाजी ४० प्रतिशत भौतिक कार्य भएको)<br>संस्कृति तथा पर्यटन मन्त्रालयबाट बजेट नआउदा कार्य रोकिएको | ड्रयागन |

✔ पुनः म्याद थप सम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना आएको ।

**विपद् ब्यवस्थापनः**

- विपद् व्यवस्थापन कोषबाट थाङ्गखोला बुङ्गखोला व्यवस्थापन शीर्षकबाट नियमित बजेटमा २० लाख बजेट थप गरी कार्यान्वयन गरिएको ।
- आगलागीबाट भएको क्षतिको लागीर गैर प्राकृतिक बिपत(पशु चौपाया को मिर्थु भयको, बलि नाली क्षेती भयको) परेका हरु लाई उचित राहत वितरण ।
- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी लगाएतका हेभी मेसिन उपकरण ३४९.५ घण्टा प्रयोग भएको ।
- नगरले जफत गरेको ढुङ्गा विपद् व्यवस्थापन कार्यमा थाङ्गखोलामा उपभोक्ता समिति मार्फत प्रयोग गरिएको ।
- सम्भावित मनशून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु राजनैतिक दलहरु, सुरक्षा निकायहरु, सामाजिक संघ संस्था हरु संग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सुची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको
- विपद् न्यूनीकरणको लागि नेपाल रेडक्रससँगको समन्वयमा ११ वटै वडामा विपद् प्रतिकार्य तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्य सम्पन्न भएको छ ।
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ । हाल सम्म ११ वटा बैठक बैठक बसी ४१ वटा निर्णय भएका छन् ।

वन तथा वातावरण

कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा अभिलेख गरिएको ।

ठुला आयोजना गर्दा वातावरणीय अध्यनको प्रतिबेदन स्वीकृत गर्ने कार्य गरिएको ।

निजी जग्गाबाट माटोजन्य पदार्थ ब्यबस्थापन गर्ने व्यवसायीले पेश गरेको वातावरणीय अध्यन प्रतिबेदनको चेक जाच सम्पन्न भइ माग भए बमोजिम को परिमाण को उत्खनन् कार्य छलफल गरी नियमानुसार अनुमति लीई कार्य सम्पन्न भयको ।

कालिका नगरपालिका को मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ५८ वोटा मुहान/संस्था दर्ता भयको ।

आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाईः

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र. स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४६,९७,११,००० | ४०,१७,५६,९३२।५४ | ८५।५३ |
| २ | पुँजित खर्च | ५०,५४,७७,००० | ३४,६९,७४,१९४।४५ | ६८।६४ |
| | जम्मा खर्च | ९७,५१,८८,००० | ७४,८७,३१,१२६।९९ | ७६।७७ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्थाः

| क्र. स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| 1 | *समानिकरण अनुदान* | | |
| | संघ | १७,५६,००,००० | १४,३९,३०,००० |
| | प्रदेश | १,४९,५४,००० | १,४९,५४,००० |
| 2 | *शर्शत अनुदान* | | |
| | संघ | ३०,७१,४७,००० | ३०,३०,३७,००० |
| | प्रदेश | २,३९,६६,००० | २,३९,६६,००० |
| 3 | *समपुरक अनुदान* | | |
| | संघ | १,००,००,००० | ७९,१५,७७१ |
| | प्रदेश | २,९९,९८,००० | २,६४,३७,७९६ |
| 4 | *विशेष अनुदान* | | |
| | संघ | १,००,००,००० | ९०,२०,७२० |
| | प्रदेश | ० | ० |
| 5 | *राजश्व बाँडफाँड* | २३,९०,३४,००० | १७,१५,२६,६९७।९७ |
| ६ | *आन्तरिक स्रोत* | ३,५०,००,००० | ३,२४,९०,०७०।६२ |
| ७ | *गत आ.व को बैंक मौज्दात* | १२,५४,९९,००० | ११,५४,२५,४७८।९२ |
| ८ | *अन्य संस्थागत आन्तरिक अनुदान* | १,९०,००,०००० | २२,१८,०४७ |
| ९ | *जनसहभागिता* | ५०,००,००० | ५१,६५,१८१ |
| | कुल जम्मा | ९७,५१,८८,००० | ८५,६०,८६,७६०।५१ |

**लेखापरीक्षणः**

✔ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको । हाल सम्म ८ वटा बैठक सम्पन्न ।

✔ महालेखा परिक्षकको कार्यालयमा विभिन्न आ.व.को गरी रु.१२,७०,०९,३९७।६२ बेरुजु फछ्यौटको लागी पेश भएकोमा चालु आ.व.मा रु.१०,८३,५८,००० को बेरुजु फछ्यौट भएको

✔ आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन कालिका नगरपालिकाको प्रशासनिक खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण नियम, २०७९ जारी भई लागु भएको ।

**शिक्षा यूवा तथा खेलकुद शाखा**

1. विद्यालयँ संख्याः सामुदायिक ३५ र संस्थागत ११ जम्मा ४६
2. विद्यार्थि संख्याः सामुदायिक ९३१८ र संस्थागत ३५१६ जम्मा १२८३४
3. शिक्षक कर्मचारी संख्याः सामुदायिक तर्फ ३६०
4. यस वर्षको कुल बजेटः शसर्त तर्फ २०,०७,२१ हजार (९३.५९% मात्र खर्च भएको) र नगरपालिका तर्फ २,९४,०५ हजार (८२.८९% मात्र खर्च भएको)
5. नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम सम्पन्न गरेको ।
6. आर्थिक वर्ष २०७८/०७९ को विद्यालयको लेखा परिक्षण प्रतिवेदन सवै विद्यालयहरुको प्राप्त भएको ।

1. शिक्षक तथा कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित तपशिल अनुसारका तालिमहरु सम्पन्न गरेको ।
   क) आधारभुत तथा माध्यामिक तहको विषयगत तालिम।
   ख) एकिकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन(IEMIS सम्वन्धी तालिम।
   ग) विद्यालय लेखा तथा जिन्सी व्यवस्थापन सम्वन्धी तालिम
   घ) बालविकास सहजकर्ताहरुको लागि मन्टेस्वरी तालिम

1. यस शैक्षिक सत्र २०८० को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण गरेको ।
2. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुविच वैठक सम्पन्न गरि शैक्षिक सत्र २०७९ को नतिजा समिक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तक्रृया कार्यक्रम सम्पन्न गरेको ।
3. स्थानीय विषयवस्तुलाई प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रम हाम्रो प्यारो कालिका विद्यालय तहका कक्षा ४,५रद को समेत पाठ्यक्रम तयार भैसकेको साथै कक्षा १-३ को पाठ्यपुस्तक छपाई कार्यसमेत भइरहेको ।
4. विद्यालय तथा क्याम्पस तहमा युवा लक्षीत लागु औषधी तथा दुर्ब्यसनि नियन्त्रण तथा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरेको ।
5. यस आ.व.मा थप २ ओटा सामुदायिक विद्यालयहरु श्री मा.वि. जमुनापुर र श्री मा.वि. रेडक्रसग्राम ले न.पा. को अनुदानवाट सामुदायिक विद्यालय वस प्राप्त गरीसकेको यस संगै कालिका न.पा. अन्तर्गतका ७ वटै सामुदायिक माध्यामीक विद्यालयहरुले यातायात सेवा/वस प्राप्त गरेको ।
6. राष्ट्रपति शैक्षीक सुधार कार्यक्रम अन्तर्गत यस आ.व.मा २ वटा सामुदायिक विद्यालयहरु( श्री आ.वि. सहपुर र श्री चक्रदेवी आ.वि. गैरिवारी) मा ICT ल्याव तथा ३ वटा सामुदायिक विद्यालयहरु (श्री पृथ्वी मा.वि. भटेनीमा ४ कोठे भवन, राष्ट्रिय आधारभुत विद्यालय दौतेशमा २ कोठे भवन र श्री भिमोदय मा.वि. मा ४ कोठे भवन निर्माण कार्य सम्पन्न भएको ।
7. चेपाङ वाहुल्यता रहेको वडा नं ९ ,१० र ११ मा विद्यार्थीको कक्षाकोठामा निरन्तरताको लागि पोषण तथा दिवा खाजा व्यवस्थापन सम्वन्धी कार्यक्रम सम्पन्न ।
8. राष्ट्का लागि खेलकुद स्वस्थ्यको लागि खेलकुद भन्ने नाराका साथ राष्टपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरेको साथै प्रदेश खेलकुद एवम् मेयरकप प्रतियोगिताहरुमा सहाभागि भएको र खेलाडीहरु लाई

सम्मान तथा पुरस्कार प्रदान गरीएको ।

9. नियमित रुपमा प्र अ वैठक तथा अन्तर्कृया कार्यक्रमहरु भइराखेको ।

10. स्वच्छ,शान्त,निस्पक्ष र विवाद रहित ढङ्गले परिक्षाको देशव्यापी मापदण्डलाई टेकेर नगरपालिकाद्वारा आधारभुत तह (कक्षा ८) शिक्षा उतिर्ण परिक्षा २०७९ सम्पन्न गरीएको ।

11. यस न पा अन्तर्गत स्थायी वसोवास भएका प्राविधिक धार तर्फ डिप्लोमा र स्नातक तहमा अध्ययनरत विद्यार्थिहरुलाई प्राविधिक छात्रवृति वितरण गरीएको ।

12. विद्यालयहरूको आ व २०७६/०७७ देखि बाँकी रहेका बेरुजु सम्परीक्षण भइ वेरुजु फछयौट भएको ।

13. सम्पूर्ण विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / नपुग दिवा खाजा अनुदान/पाठ्यपुस्तक अनुदान/ छात्रवृत्ती अनुदान लगायत अन्य अनुदानहरु विद्यालयको खातामा पठाइसकेको छ ।

14. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लगभग इ हाजिरी व्यवस्थापन गरिएको । आउदा र जाँदा २ पटक अनिवार्य हाजिर हुनु पर्ने व्यवस्था गरिएको । बाँकीमा केही छिटै विस्तार गरिने ।

**स्वास्थ्य शाखा:**

- ११ वटै वडाहरूमा ८० वर्ष माथीका जेस्ठ नागरिक ६८० जना र तथा रातो कार्ड पाएका अपाङ्गता भएका ४८ जना व्यक्तिहरुलाई घरैमा गइ चैत्र र जेठ महिनामा स्वास्थ्य परिक्षण गरिएको । स्थानीय जनताहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भएको ।
- क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डाएलाइसिस गराईरहेका र मेरूदण्ड पक्षघात भएका विरामी हरूको लागि नेपाल सरकारको तर्फबाट मासिक रू ५ ००० को दरले उपलब्ध हुने उपचार खर्च कालिका नगरपालिका भित्रका ५६ जनालाई असार महिना सम्मको रकम भुक्तानी भएको ।
- नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने ५७ प्रकारका निशुल्क औषधी खरिद गरि वितरण नियमित भई रहेको।
- प्रदेश र सङ्घीय सरकारले किनेर पठाउनु पर्ने निश्लक ४१ आईटमका औषधी हाल सम्म प्राप्त हुन नसक्दा निशुल्क औषधी पुर्याउन नसकिएको । खरिद प्रकृयामा रहेको हुदँ ा नगरबाट किनेर बाढ्न पनि नसिकिने अवस्था रहेको ।
- स्वास्थ्य सुचना प्रणाली तथा जिन्सी ब्यबस्थापन सम्बन्धि तालिम संचालन गरी सबै स्वास्थ्य सस्थामा कम्प्युटर प्रिन्टर इन्टरनेट सेवा बिस्तार गरी सबै अभिलेख अनलाइन मार्फत हेर्न सक्ने प्रबन्ध गरिएको
- कालिका न पा वडा नम्बर ३ र आधारभूत स्वास्थ्य सेवाकेन्द्र वडा नम्बर ८ मा महिलाहरुको पाठेघर सम्बन्धि समस्याहरुको स्वास्थ्य शिबिर गरी २५५ जना महिलाहरुलाई सेवा प्रदान गरिएको
- बहु क्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत एक जना पोषण स्वयंसेवक नियुक्ति भै कार्यक्रम संचालन मा रहेको तथा शक्तिखोर साना किसान सहकारी र मजबाग सहकारी मार्फत २५/२५ जना छनोट भएका लाभाग्राहीहरुलाई प्रति परिवार ३ वटाको दरले प्रजनन योग्य कोरली पाठी वितरण गरिएको ।
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवाशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था मिलाइएको
- बिपत तथा महामारी नियन्त्रण गर्न पुर्व तयारी स्वरूप नगर स्तरीय द्रुत प्रतिकार्य समिति तथा टोली गठन गरिएको ।
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी र अस्पताल को न्युनतम सेवा मापदण्ड मापन गरिएको ।
- सिद्धि स्वास्थ्य चौकी त शक्तिखोर स्वास्थ्य चौकीमा कुपोषित बच्चा को उपचार गर्नको लागि OTC स्थापना गरी सेवा संचालन शुरु गरिएको ।

**कृषि तथा पशुसेवा शाखा:**

**कृषि विकास तर्फ सम्पन्न भएका मुख्य क्रियाकलापहरू:**

कृषकको तर्फबाट ३० लाख र नगरपालिकाको तर्फबाट ३० लाख गरी कुल ६० लाख रूपैयाको मौरी, च्याउ र तरकारी पकेट कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमबाट १०८ जना कृषकलाई पुँजी, प्रविधि र तालिम हस्तान्तरण भएको । मौरी तर्फ ६३ जना कृषक, च्याउ तर्फ १३ जना कृषक र तरकारी तर्फ ३२ जना कृषकहरू लाभान्वित भएका । १३ वटा उपभोक्ता समुहलाई साना सिंचाई आयोजना अन्तर्गत ईनार मर्मत मोटर/ पाईप कुलो निर्माण बोरिङ मर्मतमा सेवा पुर्याएको ।

**कृषि विकास तर्फ सम्झौता भई कार्य प्रकियामा रहेका अन्य क्रियाकलापहरू:**

| सि नं | क्रियाकलाप |
|---|---|
| १ | कालिका न पा वडा नं २ मा ४० कट्ठा क्षेत्रफलमा सयपत्रि र गोदावरी गरी २ वटा पुष्प व्यवसाय प्रर्वद्धन कार्यक्रम सम्पन्न |
| २ | कालिकाका बिभिन्न वडाहरुमा ५ वटा बिषादी प्रयोग सचेतना तालिम सम्पन्न |
| ३ | ६९ जना कृषकलाई ५० % प्रतिशत अनुदान २२२ रोल मल्चिंग प्लास्टिक वितरण |
| ४ | ४ जना कृषकलाई मागमा आधारित ५० प्रतिशत अनुदानमा ५ बिघा ४ कट्ठामा केरा खेती क्षेत्र बिस्तार र बगैचा ब्वस्थापन कार्यक्रम सम्पन्न |
| ५ | ३९ जना कृषकलाई मागमा आधारित नविनतम कृषि औजार सामाग्री ८ वटा मिनि टिलर ३ वटा मकै छोडाउने मेसिन ३ वटा मकै रोप्ने मेसिन १० वटा डिजिटल काँटा ४ वटा ईलेक्ट्रिक स्प्रे १ वटा पावर स्प्रे १ वटा कल्टिभेटर ८ वटा कम्वाईन मिल बितरण |
| ६ | ७००० थान रासायनिक मल कार्ड वितरण |
| ८ | कालिका न पा वडा नं १० देउजरमा ४० कट्ठामा पिडालु र अदुवाको ५० प्रतिशत अनुदानमा सामुहिक खेती सम्पन्न |
| ९ | ४० जना कृषकलाई ५० प्रतिशत अनुदानमा बिउमा अनुदान तथा २० जना कृषकलाई आलु खेतीको लागतमा ५० प्रतिशत कार्यक्रम सम्पन्न |
| १० | खाद्यान्न वालीको उन्नत बिउ उपयोगमा अनुदान अन्तर्गत १२७ जना कृषकलाई ५७४ केजी रामपुर हाईब्रीड २५० केजी रामपुर कम्पोजित मकैको बीउ तथा ५०६ जना कृषकलाई ६००० के जी सावा मसुली र ७००० साबित्री धानको वीउ बिउ बितरण |
| ११ | कालिका ९ शक्तिखोरमा मकैवाली प्रबर्द्धन कार्यक्रमबारे अभिमुखीकरण गोष्ठी सम्पन्न |
| १२ | मकै बालीमा ३० वटा बाली कटानी तथा लाभ लागत तथ्यांक संकलन सम्पन्न |
| १३ | मकै खेती गर्ने कृषकहरुको लागी अन्तर जिल्ला कृषक अवलोकन भ्रमण सम्पन्न |
| १४ | बिभिन्न वडाहरुमा ५ वटा १ दिने मकै खेती प्रबिधि र रोग कीरा ब्यवस्थापन सम्बन्धि म तालिम सम्पन्न |
| १५ | कालिका ११ सिद्धि मजवाङमा बिपन्न चेपाङको लागी ४०० केजी कोदोको बीउ बितरण सम्पन्न |
| १६ | कालिका १० आधारभुत बिद्यालय निबुवाटरमा १७४ बिद्यार्थीको लागी बिद्यालय दिवा खाजा कार्यक्रममा रैथाने बालीको परिकार खुवाउन सहयोग |
| १७ | ब्यवसायिक कागती खेती विस्तार कार्यक्रम अन्तर्गत २२ कट्ठा १० धुर क्षेत्रफलमा कागति खेतीको क्षेत्र बिस्तार कार्यक्रम सम्पन्न |
| १८ | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कालिका १० र ११ मा ५० जना कृषकलाई तरकारीको बीउ स्प्रे हजारी बिषरण र |

| | | |
|---|---|---|
| | २ वटा रैथाने बाली र तरकारी खेती तालिम | |
| १९ | कालिका ८ भर्लाघारी मा २० औ धान दिबस तथा रोपाई महोत्सब सम्पन्न | |
| | | |

__मल व्यवस्थापन तर्फः__

सबै वडाहरुमा मल प्राप्तीको लागि कृषक मलकार्ड लागु गरिएको । वडा अध्यक्ष, सचिव तथा अन्य कर्मचारीलाई प्रशिक्षण गरिएको । मलकार्ड लागु भए पश्चात अनावश्यक माल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ । मलको माग बमोजिम नेपाल सरकारबाट आवश्यक मात्रामा मल प्राप्त नहुदा विरतणमा समस्या रहेको छ । जसमा

__आ व २०७९।०८० मा आवश्यक मल परिमाण__

- युरिया १५१५ मे ट डि ए पी ७७२ म्युरेट अफ पोटास १०६० मे ट

__२०७९।११।२९ सम्म आपुर्ति भएको मलको परिमाण__

- युरिया ५२२ २५ मे ट (आपुर्ती ३४ ४७ प्रतिशत) डि ए पी २८९ ७५ मे ट (आपुर्ती ३७ ५३ प्रतिशत)
- म्युरेट अफ पोटास ४५ मे ट (आपुर्ती ४ २४ प्रतिशत)

__बिक्रेताहरु__ कृषि सहकारीहरु ८ वटा सहकारीहरु ४ वटा एग्रोभेटहरु ११ वटा

५५० जना कृषकलाई ५६०० प्याकेट मकैमा लाग्ने फौजी कीराको बिषादी बितरण

६५० जना कृषकलाई कृषि सम्बन्धि प्रबिधिक सेवा प्रदान गरिएको ।

पशु सेवा तर्फ भौतिक प्रगति ९० प्रतिशत र वितिय प्रगति ८० प्रतिशत

*__हालसम्म सम्पादन भएका मुख्य क्रियाकलापहरु__*

बिश्व रेविज दिवशको अवसरमा निजी तथा सामुदायिक ३१९ कुकुर र १२ वटा बिरालो गरि हाल सम्मः ४१५ लाई रेविज बिरुद्द खोप लगाएको छ ।

पशुपन्छी उपचार र परजिवि नियन्त्रण सेवाः २५६६७ प्रयोगशाला सेवाः १६०० बोका क्यास्टेसनः ९८५ बाख्रामा पिपिआर खोप सेवाः २१९९०

गाईभैंसीमा खोरेत रोगको भ्याकिसनेसन सेवाः ७६००

घाँसको विउ निशुल्क बितरणः ७५०० के जि लाभग्राही संख्याः १५८३

नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा तर्फ पशु संख्याः ५३२०

बिमा दावी सिफारिसः १११ जना कृषकले बिमा कम्पनी बाट गाई भैंसी मृत्यू बापत बिमा बाट पाउने रकम भूक्तानी भएको ।

पशु सेवा शाखाको समन्वयमा नगर भित्रका १४३ बिपन्न परिवारलाई २४३ वटा प्रजनन योग्य बाख्रा बितरण कार्य सम्पन्न गरेको ।

दुध उत्पादनमा प्रोत्साहन स्वरुप नगर भित्रका २२४७ जना दुग्ध उत्पादक कृषकहरुलाई प्रति लि रु १ का दरले ३४लाख ४७ हजार ६ सय ९३ रुपैया अनुदान बितरण ।

पशुसेवा शाखाबाट सम्झौता भई काम सम्पन्न भैसकेका अन्य क्रियाकलापहरुः

| | |
|---|---|
| १ | गाईभैंसी पालन तालिम ३ दिने २ वटा मा २ वटै सम्पन्न भैसकेको । |
| २ | स्थलगत पशुपन्छीपालन घुम्ती तालिम ५ वटा मा ५ वटै सम्पन्न भैसकेको । |
| ३ | आ व २०७८।०७९ मा दुध उत्पादन गरि दुग्ध उत्पादक सहकारीमा बिक्री गर्ने कृषकहरुलाई प्रति लिटरमा रु १ का दरले अनुदान बितरण । |
| ४ | ५ भन्दा बढी माउ गाईभैंसी पालन गर्ने कृषकहरुलाई लागत साझेदारीमा गोठ सुधार कार्यक्रम १० वटा ८ वटा सम्पन्न भएको । |

| | |
|---|---|
| ५ | ३ देखि ५ भन्दा माउ गाईभैंसी पालन गर्ने कृषकहरुलाई लागत साझेदारीमा गोठ सुधार कार्यक्रम २० वटा १८ वटा सम्पन्न भएको । |
| ६ | कुखुरा पालन गर्ने कृषकहरुलाई लागत साझेदारीमा खोर सुधार कार्यक्रम १० वटामा ७ वटा सम्पन्न भएको । |
| ७ | बाख्रा पालन गर्ने कृषकहरुलाई लागत साझेदारीमा खोर सुधार कार्यक्रम ६ वटामा ५ वटा सम्पन्न भएको । |
| ८ | बंगुर पालन गर्ने कृषकहरुलाई लागत साझेदारीमा खोर सुधार कार्यक्रम १० वटामा ७ वटा सम्पन्न भएको । |
| ९ | ४२ जना कृषकलाई १०० वटा काउम्याट ७० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको । |
| १० | ४ जना कृषकलाई च्याफकटर ८० प्रतिशत अनुदानमा बितरण कार्य भएको । |
| ११ | ५ जना कृषकलाई पशुपन्छीको दाना बनाउने मेशिन ८० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको । |
| १२ | मागमा आधारित डेरि उपकरण ८० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको । |
| १३ | २ जना किसानलाई ब्रसरकटर ८० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको । |
| १४ | १५ जना कृषकलाई ह्वील ब्यारो ८० प्रतिशत अनुदानमा बितरण कार्य सम्पन्न भएको । |
| १५ | गाईभैंसी तथा बंगुरहरुमा बिभिन्न रोगहरु बिरुद्ध भ्याक्सिनेशन सेवा सम्पन्न भएको । |
| १६ | |

**भवन तथा बस्तिविकास उपशाखा र स्थानीय भूमि परिषद**

१. घर नक्सा पास तर्फ

| सि.नं | सूचना काटेको संख्या | प्रथम चरण इजाजत (अस्थाही संख्या) | दोस्रो इजाजत (स्थाही संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | ५१ | ४८ | ५१ | ४८ |

घर अभिलेखीकरण कार्य तर्फ

| सि.नं | सूचना काटेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | - | ८ |

४. घर मूल्यांकन (मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि)

| सि.नं | मूल्यांकन संख्या | कैफियत |
|---|---|---|
| १. | १०२ | (मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि) |

६. अमिन माग तर्फ

| सि.नं | अमिन सेवाको माग | अमिन सेवा दिईएको | कैफियत |
|---|---|---|---|

| | संख्या | संख्या | |
|---|---|---|---|
| १. | १२५ | १०० | बाकी २५ वटा अमिन माग निबेदन दिइ मानिस सम्पर्कमा नआएको र जग्गा वर्गीकरणको कामको कारणले हुन नसकेको |

**स्थानीय भूमि परिषद् तर्फ**

१. कुल बैठक निर्णय: १० वटा

२. जग्गा बर्गीकरण सिफारिश संख्या : हालसम्म भू उपयोग बर्गीकरण भई १२१५वटा जग्गाधनीको बर्गीकरण सिफारिश प्रदान गरिएको

३.आर्थिक बर्ष २०७९/८० बाटो लगतकट्टा संख्या = ९

४. कालिका नगरपालिका भू उपयोग वर्गीकरण कार्यबिधि २०७९ र जग्गा बर्गिकरण मापदण्ड तयार गरी जग्गा वर्गीकरण कार्य सुचारु।

५. वडा बाट निबेदन माग संकलन गरिएको र जग्गा बर्गीकरण सिफारिश चैत्र १ बाट शुरू भएको।

६. जग्गा बर्गीकरणको नक्शांकनको कार्य भई जग्गाको कित्ता अनुसार बर्गीकरण अन्तिम कार्य भई राखेको।

७. भवन मापदण्ड तथा कालिका नगरपालिका नक्शा पास निर्देशिका लागु हुने ब्यवस्था गरि घर नक्शा पास र घर अभिलेखीकरण कार्यको तयारी भईराखेको ।

**भूमि आयोगको काम सम्बन्धी:**

जम्मा जमिन नाँपजाँचको अवस्था: वडा नं ६ ३ ८ ७ २ १ र ५ मा

जम्मा परिवार संख्या: ४१४६

नापी भएको जग्गा क्षेत्रफल: ४७९ बिगाह

नापी सम्पन्न जग्गा कित्ता संख्या: ५६१५

अब जमिन नापजाँच हुन बाँकी क्षेत्र: वडा नं ४ ९ १० र ११

**उद्योग दर्ता सम्बन्धी:**

हाल सम्मको उद्योग दर्ताको अवस्था: १४१ जम्मा दर्ता

नविकरण भएको जम्मा: २४

बजार अनुगमन: ३ पटक ९७ वटा पसल

**पुर्वाधार बिकास**

- पुर्वाधार निर्माण सम्बन्धी आ व २०७९ ०८० मा सम्पादित योजनाहरुको विवरण
- सवै वडा कार्यालयहरूलाई पक्की सडकले जोड्ने प्राथमिकता अनुसार वडा नं १० ११ चेपाङ्ग मार्गको सिद्धि बजार सम्म १२३० मिटर कालोपत्रे भएको छ। आगामी आवमा वडा न ११ कार्यालय सम्म पुर्याउने लक्ष राखि बजेट बिनियोजन गरिएको छ।
- आम मेल, जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र स्थानीयबासीको समन्वयमा नगर गौरवको योजनाको रूपमा थाङ्ग खोला बुङ्ग खोला व्यवस्थापनको लागि यस वर्षको लागि तोकिएको सवै काम सम्पन्न भएको छ। ७० लाख ४ हजार ४ सय ३० रुपैया खर्च भएको छ। यस योजनाले थाङ्गखोलाका खोलाले कटान गर्न सक्ने १४ स्थानमा स्पर निर्माण गरिएको छ भने साघुरो स्थानहरुमा खोली सहज बहाव हुने व्यवस्था मिलाईएको छ।
- आवागमनलाई सहज बनाउन यस अवधिमा कुल १४२९२ ३ मिटर कालोपत्रे गरिएको छ। ३१५०६ मिटर ग्राभेल तथा नयाँ सडक विस्तार भएको छ।

| क्रसं | निर्माण कार्य | योजना संख्या | निर्माण कार्य | |
|---|---|---|---|---|
| | | | परिमाण | ईकाइ |
| | | सडक | | |
| | पिच निर्माण | २१ | १४२९२.३ | मिटर |
| | ग्रेभेल निर्माण | ३८ | १८२६६ | मिटर |
| | नयाँ ट्याक निर्माण | २२ | १३२४० | मिटर |
| | पिच मर्मत | ३ | १७५० | मिटर |
| | सडक मर्मत | १० | ५३३२ | मिटर |
| | सडक सम्बन्धी अन्य निर्माण | ५ | ८ | संख्या |
| | जम्मा सडक 52880.30 करिब ५३ किमि मर्मत समेत | | | |
| | | भवन | | |
| | स्कुल भवन निर्माण | 13 | 5 | संख्या |
| | स्कुल भवन तला थप | 2 | 5 | संख्या |
| | स्कुल भवन कोठा थप | 2 | 5 | संख्या |
| | स्कुल सौचालय निर्माण | 4 | 2 | संख्या |
| | स्कुल वाल कम्पाउण्ड निर्माण | 6 | 822.5 | मिटर |
| | स्कुल भवन मर्मत | ३ | ३ | संख्या |
| | सामुदायिक अन्य भवन निर्माण | २० | १३ | संख्या |
| | सामुदायिक अन्य भवन तला थप | २ | ३ | संख्या |
| | सामुदायिक अन्य भवन कोठा थप | ६ | ६ | संख्या |
| | सामुदायिक अन्य भवन मर्मत | ८ | ८ | संख्या |
| | सामुदायिक भवन वाल कम्पाउण्ड निर्माण | ५ | ६९०.६९ | मिटर |
| | भवन सम्बन्धी अन्य निर्माण | १४ | ५ | संख्या |
| जम्मा ८५ वटा सार्वजनिक सामुदायिक तथा सार्वजनिक भवन निर्माण/मर्मत/तला/कोठा थप जस्ता कार्य भएका छन्। | | | | |
| | | सिंचाई | | |
| | नयाँ कुलो निर्माण | १० | २२०४.७ | मिटर |
| | कुलो लाइनिङ | ५ | १४१७ | मिटर |
| | डिप बोरिङ निर्माण | १२ | १० | संख्या |
| | सिंचाई सम्बन्धी अन्य निर्माण | १६ | ५३२ | संख्या |

| | | | | |
|---|---|---|---|---|
| जम्मा ४३ वटा सिंचाई प्रणाली सम्बन्धी कार्य भएको छ । | | | | |
| खानेपानी७३ | | | | |
| | खानेपानी नयाँ योजना निर्माण | १३ | ३७२ | संख्या |
| | खानेपानी योजना बिस्तार | ११ | ४७७६ | मिटर |
| | खानेपानी योजना मर्मत | ९ | ३२ | संख्या |
| | खानेपानी सम्बन्धी अन्य निर्माण | १ | १ | संख्या |
| ३४ वटा खानेपानी योजनामा नगरले सहयोग गरेको छ । | | | | |
| | डाइक इम्ब्याङ्कमेन्ट निर्माण | ६ | ११६२.८ | मिटर |
| | ग्याबियन लञ्चिङ एप्रोन निर्माण | ७ | ९८ | मिटर |
| | ग्याबियन स्पर निर्माण | १४ | ८५ | संख्या |
| | खोला खोल्ने काम | २ | २४७० | मिटर |
| | नदि नियन्त्रण सम्बन्धी अन्य निर्माण | १ | ११० | संख्या |
| 30 स्थानमा स्पर निर्माण, ग्याबिन जाली, खोला खोल्ने आदी निर्माण गरी नदी नियन्त्रणको कार्य भएको | | | | |
| ढल निकास | | | | |
| | नयाँ सडक नाला निर्माण | ४ | ७१२ | मिटर |
| | सडक नाला लाइनिङ | १ | ४७ | मिटर |
| | ढल निकास सम्बन्धी अन्य निर्माण | | | संख्या |

**दोस्रो चरण**

कार्यक्रम संचालन मोडरेटर श्री प्रमिता ढकालले गर्नु भएको थियो । उक्त कार्यक्रममा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन कार्यविधि २०६७ अनुसार अनुसूची २ नागरिक प्रतिवेदन (Citizen Report card) र अनुसूची ३ सेवाग्राही बहिगमन रिपोर्ट प्रस्तुत गरिएको थियो । जसमा अधिकाश कालिका नगरपालिकाको सेवा प्रवाहलाई सुधार गरि नतिजा हासिल गर्न र पूर्वाधार कार्यको गुणस्तर बृदि गर्न सुझाव प्राप्त भएको थियो

प्रस्तुत प्रतिवेदनमा विभिन्न ३७ जना व्यक्तिले आफ्नो जिज्ञासाहरु राख्नु भएको थियो। जसमा कालिका नगरपालिका को सेवा प्रवाह प्रभावकारी बनाइनु पर्ने,सडकको गुणस्तरमा ध्यान दिनु पर्ने,कालिका नगरपालिका भित्र रहेका कृषी क्षेत्रको लागी सिंचाइ बोरिङ व्यवस्थापन तथा पाइपलाइन लाई विस्तार गरिनु पर्ने, आय आर्जन तथा रोजगार मुलक कार्यक्रम संचालन गरिनु पर्ने, फोहर व्यवस्थापन खोला तथा बाढी नियन्त्रण, राजश्व व्यवस्थापनमा प्रबिधि मैत्री बनाउन विभिन्न सुझाव तथा गुनासो व्यक्त गरेका थिए। उक्त कार्यक्रममा नगरपालिकाको तर्फबाट शाखा प्रमुख ज्युहरु, वडा अध्यक्ष ज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, तथा नगर

प्रमुख ज्युले जिज्ञासाहरुको जवाफ दिनु भएको थियो । अन्तमा उक्त कार्यक्रमको समयमा उठेका समग्र बिषयहरुलाई समेटी कार्यालयका तर्फबाट प्रतिवद्दता व्यक्त गरिएको थियो । जुन यस प्रकार रहेको छ ।

प्रतिवद्दता

१. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईने छ।
२. आगामी सार्वजनिक सुनुवाईलाई बढी सहभागीता गराई गुणस्तरमा जोड दिइने छ।
३. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिइने छ।
४. कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागी नीतिहरु तय गरी संचालनमा ल्याइने छ।

अन्तमा नगर प्रमुख ज्युबाट नगरपालिकाले गरेका उल्लेखनीय कार्यहरु र आगामी वर्षमा लिईने नीति तथा कार्यक्रमको जानकारी गराउदै कार्यक्रममा सहभागी हुने सबैलाई धन्यवाद दिदै करिव ५ बजे कार्यक्रम समापन गर्नु भएको थियो ।

धन्यवाद

प्रतिवेदक
प्रकाश चन्द्र पौडेल
शाखा अधिकृत